# बटेश्वर गाउँपालिका
## BateshworRural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय, बटेश्वर, धनुषा
## Office Of The Rural Municipal Executive Bateshwor, Dhanusha
### मधेश प्रदेश , नेपाल, Madhesh Province , Nepal

प.स. : २०७९/०८०
च.न. : ४२

मिति : २०७९/०४/०६

श्री सम्पूर्ण विद्यालयहरू,
वटेश्वर गाउँपालिका,धनुषा ।

**विषय : विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धमा ।**

प्रस्तुत विषयमा शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानेठिमी भक्तपुरको मिति २०७९/०२/०३, प.स. २०७८/०७९/शि.व्य., च.न. २५६ को पत्र तथा शिक्षा ऐन २०२८ (संशोधन सहित)को दफा १२ को उपदफा ५ मा विद्यालय व्यवस्थापन समितिको पदावधि ३ (तीन) वर्षको हुनेछ भन्ने स्पष्ट व्यवस्था रहेको तर विद्यालय व्यवस्थापन समितिको समयावधि समाप्त भइसकेका कतिपय विद्यालयहरूले पुरानै समितिबाट विद्यालयका कामकाजहरू गराउँदै आइरहेकोले यस वटेश्वर गाउँ कार्यपालिकाको मिति २०७९/०३/२४ गते बसेको बैठकको निर्णयानुसार विद्यालय व्यवस्थापन समितिको समयावधि समाप्त भएका विद्यालयहरूले २०७९ श्रावण मसान्तभित्र शिक्षा ऐन २०२८ (संशोधन सहित)को दफा १२ बमोजिम नयाँ समिति गठन गर्न गराउन हुन तथा समायवधि समाप्त भइसकेका समितिबाट विद्यालयको कुनै पनि कामकाज नगर्न नगराउन हुन आदेशानुसार अनुरोध छ ।

पुनश्चः समयावधि समाप्त भइसकेका तथा नियमानुसार गठन नभएको विद्यालय व्यवस्थापन समितिबाट हुने निर्णयहरू नियमसंगत नहुने भएकोले सोको पूर्ण जिम्मेवारी विद्यालयको प्रधानाध्यापक नै हुने व्यहोरा समेत अनुरोध छ ।

रामलाल महतो
शिक्षा अधिकृत

रामअशिष महतो
गा.पा. अध्यक्ष

राम अशिष महतो
गाउँ पालिका अध्यक्ष

बोधार्थ
१. श्री वडा कार्यालयहरू सबै, बटेश्वर गाउँपालिका ।
२. श्री शिक्षा विकास तथा समन्वय इकाई, जनकपुरधाम, धनुषा ।
३. श्री सुचना प्रविधि शाखा - website मा upload गर्न हुन ।